१३५

# राष्ट्रिय सूचना आयोगको

## आदेश

मु.नं. २३९६२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ........................................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, काठमाडौं ...............१ विपक्षी

सूचना अधिकारी, शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, काठमाडौं ...............१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०९।०३ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।१०।११ मा ७ (सात) दिन भित्र सूचना उपलब्ध नगराउनुको कारण खुलाई पठाउन लेखी गएकोमा शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, काठमाडौंको मिति २०७१।११।०४, च.नं. ६३२, प.सं. ०७१/०७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराईएको जानकारी पत्र आयोगमा मिति २०७१।११।०४ मा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत निवेदनको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल फागुन २२ गते रोज ६ शुभम् ।